"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४

चलानी नं. :-

मिति :- २०८३-०६-२२

ने.स. ११४६ ञंलागा १३ बिहिबार

**सुचना नं : ४२**

**नवप्रवर्तन कार्यक्रमअन्तर्गत सिलाइ कटाई, फेसन डिजाईनिङ तथा बुनाई तालिम सञ्चालन हुने सम्बन्धी सूचना।**

देश तथा समाजको परिस्थिति फेरिनका लागि नागरिकहरू आर्थिक रूपमा आत्मनिर्भर बन्नु अपरिहार्य छ। सीप, कला र उद्यमशीलताले नै व्यक्तिको जीवनस्तर उकास्नुका साथै स्थानीय अर्थतन्त्रलाई समेत बलियो बनाउँदछ। यस क्षेत्रका स्थानीय बासिन्दाहरूको क्षमता विकास, स्वरोजगार सिर्जना र व्यावसायिक दक्षता बढाउने मुख्य उद्देश्यका साथ विहादी गाउँपालिकाले नवप्रवर्तन कार्यक्रमअन्तर्गत व्यावहारिक तथा प्रयोगात्मक सिलाइ कटाई, फेसन डिजाईनिङ तथा बुनाई तालिम सञ्चालन गर्ने भएको छ। तसर्थ, यस तालिममार्फत आफ्नो क्षमता विकास गरी व्यावसायिक बन्न चाहनुहुने इच्छुक नागरिकहरूले २०८३/०७/०९ गते भित्र देहाय बमोजिमका कागजातसहित गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना आह्वान गरिएको छ।

**आवश्यक पर्ने कागजातहरू**

- नेपाली नागरिकता वा उमेर खुल्ने प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- तोकिएको ढाँचाको निवेदन

धनन बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

**तालिम सम्बन्धी संक्षिप्त विवरण**

- **तालिमको नाम:** सिलाइ कटाई, फेसन डिजाईनिङ तथा बुनाई तालिम
- **लक्षित समूह:** विहादी गाउँपालिकाका १६ देखि ४५ वर्षसम्मका स्थायी बासिन्दा (महिलाहरूलाई प्राथमिकता)
- **आवेदन दिने अन्तिम मिति:** २०८३/०७/०९ गते (कार्यालय समयभित्र)
- **आवेदन बुझाउने स्थान:** विहादी गाउँपालिकाको कार्यालय (नवपर्वतन, रोजगार, सीप तथा उद्यमशिलता केन्द्र वा सम्बन्धित वडा कार्यालय)

**पुनश्च:** सूचना सम्बन्धी विस्तृत जानकारीका लागि गाउँपालिकाको कार्यालय तथा ९८६७९४६०३१ / ९८६४२४८८५० मा सम्पर्क गर्नुहुन अनुरोध छ।